# ललितपुर महानगरपालिका

## ललितपुर महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर, ३ नं. प्रदेश, नेपाल


मिति : २०७५/०४/३१

## प्रेस विज्ञप्ती

ललितपुर महानगरपालिकाको वडा नं. १५ रिंगरोड देखि ढोलाहिटी सम्मको सडक स्तरोन्नति गर्न डिभिजन सडक कार्यालय र United Builder निर्माण सेवा बीच २०७० साल असाढमा १५ महिना भित्र कार्य सम्पन्न गर्ने सम्झौता भएको रहेछ | तत् पश्चात विविध समस्याहरु देखाई United Builder को कार्य अवधि थप भएको तर निर्माण कार्य सम्पन्न हुन नसकेको परिणाम स्वरूप उक्त सडकको सार्वजनिक यातायातमा धेरै नै असुविधा भएको गुनासो महानगरपलिकाका सम्बन्धित वडा अध्यक्ष र नगर प्रमुख समक्ष प्राप्त भएको परिवेशमा नगर प्रमुखको प्रयासमा मिति २०७५/०४/३१ गते वहाँकै कर्यकक्षमा सम्बन्धित सरोकार पक्षहरु, प्रमुख जिल्ला अधिकारीज्यू, डि.स.का सिडिईज्यू, निर्माण व्यवसायी United Builder र वडा नं. १४, १५ का वडा अध्यक्ष र स्थानीय वासी बीच समन्वय बैठक राखी व्यापक छलफल गरि United Builder लाई बढीमा आसन्न दशैं अगाडि उक्त कार्य सम्पन्न गर्ने गरी ३ दिन भित्र कार्यतालिका पेश गर्न निर्देशन दिएको र सो कार्यतालिका अनुसार कार्य गर्न निर्माण सेवा प्रतिवद्ध भएको निर्णय गराई बैठक सम्पन्न भएको छ | उक्त अवधिमा कथंकदाचित कार्य सम्पन्न नभएमा सो उपर कारवाही गर्न नगर प्रमुख आफै प्रस्तुत हुने वचन समेत दिनुभएबाट उक्त अधुरो योजना सम्पन्न हुने वातावरण निर्मन भएको व्यहोरा नगरवासीहरुमा जानकारीको लागि अनुरोध छ |

राजु महर्जन
३१/०४/०७५

राजु महर्जन

प्रवक्ता


Tel: 01-5522563, Fax : 977-1-5553966 Website: lalitpurmun.gov.np